बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति: २०८१/१२/२८ [illegible]

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

बैठक संख्या: ५८ औं

समय : दिनको ११.००बजे

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५८ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ अर्याल | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| | | | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।

२. प्रदेश समपुरक र विशेष अनुदानतर्फको आयोजना/कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

३. संघीय समपुरकतर्फको आयोजनाको सम्बन्धमा । ( धुरपुरे-दिहीथोक-विम्दा-बाख्रेजगत सडक)

४.चालु आ.व.को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको सम्बन्धमा ।

५. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा ।

६. प्रदेश सरकार समक्ष आयोजना/कार्यक्रम माग गर्ने सम्बन्धमा ।

७. औद्योगिक ग्रामतर्फको बाँकी बजेटको सम्बन्धमा ।

८. क्षमता विकास कार्यक्रमको सम्बन्धमा ।

- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास ।
- अन्तरपालिका अध्ययन तथा असल अभ्यास सिकाई अवलोकन सम्बन्धमा ।
- नगरपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकास ।

९. सामाजिक उत्तरदायित्व (social responsibility) वापतको कार्यक्रम सम्बन्धमा ।

१०. आयोजना/कार्यक्रम संशोधन सम्बन्धमा ।

११. प्राकृतिक श्रोत उपयोग सम्बन्धमा।

१२. अस्थायी बाटो सञ्चालनको अनुमति सम्बन्धमा ।

१३. कृषि एम्बुलेन्समा जिपिए जडान सम्बन्धमा ।

१४. औद्योगिक ग्रामको जग्गा प्राप्ति सम्बन्धमा ।

१५. पाइप खरिद सम्बन्धमा ।

१६. संझौता अनुमोदन सम्बन्धमा ।

१७. कृषि अधिकृतको स्थायी नियुक्ति सम्बन्धमा ।

१८. विविध

- नयाँ वर्ष २०८२ को शुभकामना सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/१२/१० को नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठक

**निर्णय नं.२: प्रदेश समपुरक र विशेष अनुदानतर्फको आयोजना/कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको च.नं. ४९४ मिति २०८१/१२/१३ को विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाबाट आगामी आर्थिक बर्ष २०८२/८३ को लागि विशेष र समपुरक अनुदानतर्फ देहायको आयोजना/कार्यक्रम छनौट गरिएको हुँदा प्रदेश सरकारले जारी गरेको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (दोश्रो संशोधन) कार्यविधि २०८१" को अनुसूची-३ वमोजिमको ढाँचामा तोकिएको म्याद भित्र गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**विशेष अनुदानतर्फः**

(क) चण्डीस्थान स्वास्थ्य चौकी अधुरो भवन निर्माण, बेसीशहर नगरपालिका-६ (भूकम्पबाट क्षतिग्रस्त)

(ख) फोहरमैला प्रशोधन तथा व्यवस्थापन कार्यक्रम, बेसीशहर नगरपालिका

(ग) भकुण्डे स्वास्थ्य संस्था भवन निर्माण, बेसीशहर नगरपालिका-२, भकुण्डे (जग्गा खरिद भै सकेको)

**समपुरक अनुदानतर्फः**

(क) भोटेफाँट-खासुरबेसी-खासुर सडक स्तरोन्नति, बेसीशहर नगरपालिका-१०

(ख) चनौटे-काफलस्वाँरा सडक स्तरोन्नति, बेसीशहर नगरपालिका-६

(ग) लाँकुरीडाँडा-स्यारे-बाखेजगत सडक स्तरोन्नति, बेसीशहर नगरपालिका- ५ र ४

**निर्णय नं.३: संघीय समपुरकतर्फको आयोजनाको अपुग बजेट सम्बन्धमा ।**

(क) संघीय समपुरकतर्फको आयोजना अन्तर्गत आ.व. २०७९/८० देखि कार्यान्वयनमा रहेको धुरपुरे-दिहीथोक-बिम्दा-बाखेजगत बहुवर्षे (३ वर्षे) सडक आयोजनाको चालु आर्थिक वर्ष २०८१/८२ अन्तिम वर्ष भएको, ठेक्का सम्झौता रकम रु. ९ करोड १७ लाख ६६ हजार ५६६ मध्ये नगरपालिकाले व्यहोर्नुपर्ने रकम रु.४ करोड ५८ लाख ८३ हजार २८१ र संघीय सरकारबाट व्यहोर्नु पर्ने दायित्व पनि ५०/५० प्रतिशत लागत साझेदारी अनुरुप त्यति नै रहेको, बेसीशहर नगरपालिकाबाट आ.व. २०७९/८० मा ८० लाख, आ.व. २०८०/८१ मा १ करोड २५ लाख र आ.व. २०८१/८२ मा १ करोड ५० लाख विनियोजन गरी ३ आ.व.मा कुल ३ करोड ५५ लाख विनियोजन भएको हुँदा नगरपालिकाको तर्फको दायित्वबाट व्यहोर्नुपर्ने बाँकी रकम रु. १ करोड ३ लाख ८३ हजार २२१ चालु आ.व. २०८१/८२ को आन्तरिक श्रोत अ.ल्या थप तर्फबाट विनियोजन गर्ने साथै सडक निर्माणको कार्यलाई निरन्तर रुपमा अघि बढाउन सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिने निर्णय गरियो ।

(ख) उक्त सडक आयोजनाको ठेक्का सम्झौता रकम रु. ९ करोड १७ लाख ६६ हजार ५६६ मध्ये ५०/५० प्रतिशत लागत साझेदारीको प्रावधान वमोजिम संघीय सरकारको दायित्व तर्फबाट पनि व्यहोर्नुपर्ने रकम रु. रु.४ करोड ५८ लाख ८३ हजार २८१ रहेकोमा संघीय सरकारबाट आ.व. २०७९/८० मा ८० लाख, आ.व. २०८०/८१ मा १ करोड २५ लाख र आ.व. २०८१/८२ मा १ करोड ५० लाख गरी ३ आ.व.मा कुल ३ करोड ५५ लाख प्राप्त भएको हुँदा संघीय

गुमान सिंह अर्याल
नगर प्रमुख

सरकारको दायित्व तर्फबाट व्यहोर्नुपर्ने बाँकी रकम रु. १ करोड ३ लाख ८३ हजार २२१ चालु आ.व. २०८१/८२ मा नै थप निकासा हुने व्यवस्थाको लागि राष्ट्रिय योजना आयोग र नेपाल सरकार अर्थ मन्त्रालय समक्ष माग/ अनुरोध गर्ने निर्णय गरियो ।

(ग) उपरोक्त निर्णय वमोजिम यस आयोजनाको लागि संघीय सरकारबाट चालु आ.व.२०८१/८२ वा आगामी आ.व. २०८२/८३ मा कसैगरी बजेट उपलब्ध हुन नसकेको अवस्थामा बेसीशहर नगरपालिकाबाट आगामी आ.व. २०८२/८३ मा आवश्यक रकमको व्यवस्था गरेर भए पनि उक्त आयोजनाको कार्यलाई सम्पन्न गराउने निर्णय गरियो ।

**निर्णय नं.४ः चालु आ.व.को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको सम्बन्धमा ।**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम तर्फ यस बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत स्मार्ट शैक्षिक व्यवस्थापन र डिजिटल सेवा प्रवाह परियोजना कार्यान्वयनको सन्दर्भमा तयार गरिएको सामाग्री तथा उपकरणहरुको स्पेशिफिकेशन सहितको लागत अनुमान र सफ्टवेयरको लागत अनुमान, बोलपत्र सम्बन्धी कागजात (RFP र EOI), मूल्याङ्कनका आधारहरु तथा सेवा प्रदायक संस्थाको क्षेत्रगत कार्यशर्त विवरण (TOR)को सम्बन्धमा यस कार्यपालिका बैठकमा प्रस्तुतीकरण भै छलफल हुँदा उक्त तयार गरिएका डकुमेण्ट अनुमोदन गर्ने र उक्त डकुमेण्ट नगर प्रमुखबाट प्रमाणित गराई अलग्गै अभिलेखीकरण गर्ने साथै यथाशिघ्र ई. विडिङको लागि सूचना प्रकाशन गरी सेवा खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.५ः नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखा पोखराबाट प्रथम पटक मिति २०८१/१२/२२ मा प्रकाशित नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार यस बेसीशहर नगरपालिकाबाट प्रदेश सरकारबाट जारी भएको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ ले तोकेवमोजिमको ढाँचामा अवधारणा पत्र तयार गरी पुष्ट्याईका काजगात सहित गोगल फर्म मार्फत निर्धारित अवधी २०८२/१/५ भित्रै आवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ः प्रदेश सरकार समक्ष आयोजना/कार्यक्रम माग गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले गत नगरसभा अधिवेशनबाट आफ्नो श्रोतले मात्र सम्पन्न हुन नसक्ने ठुला प्रकृतिका प्राथमिकताप्रास आयोजना तथा कार्यक्रमहरु संघीय र प्रदेश सरकार समक्ष माग गर्ने भन्ने निर्णय वमोजिम यस बेसीशहर नगरपालिका भित्रका पहिलो प्राथमिकतामा रहेका आयोजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्ष २०८२/८३ को बार्षिक कार्यक्रममा उच्च महत्वका साथ समावेश गरी आवश्यक बजेट विनियोजन गरिदिने व्यवस्थाको लागि विषयगत कार्यालयहरुमार्फत प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठक

**निर्णय नं.७: औद्योगिक ग्रामतर्फको बाँकी बजेटको सम्बन्धमा ।**

औद्योगिक ग्राम निर्माणको लागि संघीय सरकारबाट नगरपालिकामा प्राप्त बजेटबाट कार्यपालिकाको निर्णय वमोजिम चालु आ.व. २०८१/८२ मा औद्योगिक ग्राम पहुँचमार्ग निर्माण कार्य सम्पन्न भैसकेको र पहुँचमार्ग निर्माणको लागि ठेक्का बन्दोबस्ती गर्ने क्रममा जम्मा रु ९२ लाख मध्ये घटाघट हुन गई बाँकी रहन गएको रु. ४१ लाख ३९ हजार ७९३ बाट अन्य पुर्वाधार निर्माणको लागि प्रक्रिया अघि बढाउन सम्बन्धित निकायमा सहमतिको लागि अनुरोध गर्ने साथै कार्यान्वयनको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८: क्षमता विकास कार्यक्रमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले गत आ.व.२०८०/८१ मा तयार गरेको क्षमता विकास योजना अनुरुप चालु आ.व.मा देहायका कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रम सम्पन्न गर्ने सन्दर्भमा प्रस्तावना स्वीकृत गरी कार्य अघि बढाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**देहायः**

क) जनप्रतिनिधि र कर्मचारीहरुको लागि उपयुक्त विषयमा क्षमता अभिबृद्धि तालिम (आवासीय)

ख) अन्तरपालिका अध्ययन तथा असल अभ्यास सिकाई अवलोकन कार्यक्रम

ग) नगरपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि तालिम

**निर्णय नं.९: सामाजिक उत्तरदायित्व (social responsibility) वापतको कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगरपालिका स्थित बैंक, सहकारी संस्था तथा विमा कम्पनीहरुले सामाजिक उत्तरदायित्व वापतको बजेट तथा कार्यक्रम छनौट र कार्यान्वयन गर्दा बेसीशहर नगरपालिकासंग आवश्यक समन्वय र सहकार्य गर्नको लागि एक कार्यक्रम आयोजना गरी ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**निर्णय नं.१०: आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन/एकिकरण सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय/नगरस्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.विविध फुटकर कार्यक्रमहरु, बेनपा-२ | २ लाख ३० हजार ९१२ | १.१ प्रहरी विट भकुण्डे इन्टरनेट खर्च, बेनपा-२<br>१.२ डिजिटल रक्तदाता एप निर्माण सहयोग, (बेसीशहर युथ सोसाइटी बेनपा ८) | ८ हजार ५ सय<br>५ हजार |
| २.विपद् व्यवस्थापन खर्च, बेनपा-८ | १ लाख | २.सिम्ले गैरीखेत जाने बाटोमा पहिरो संरक्षण, बेनपा-८ | १ लाख |
| ३.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | ७ लाख ३२ | ३.१ बेसीशहर युथ सोसाइटी आर्थिक सहयोग बेनपा ८<br>३.२समुदायमा सरकारी वकिल | १५हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | कार्यक्रमको लागि खाजा व्यवस्थापन, बेनपा-३ | १० हजार |
| ४.फुटकर तथा विविध कार्यक्रम खर्च, बेनपा-१ | ४ लाख ७९ हजार ९५५ | ३.१सूचना सम्वाहक चौतारोमा नेपालको झण्डा स्थापना गर्न थप, बेनपा-१<br>३.२कर्मदा आमा समुह भवनको सोलार मर्मत, बेनपा-१<br>३.३विष्णु पन्तको घर मर्मत, बेनपा-१<br>३.४खहरेखोलाबाट पाण्डेगाउँसम्मको गोरेटोबाटो सरसफाई, बेनपा-१ | १० हजार<br>५ हजार<br>५ हजार<br>१० हजार |
| ५.लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा-९ | ६लाख १७ हजार ९३१ | ५.१मूलाबारी सामुदायिक वन वृक्षारोपण, बेनपा-९<br>५.२बेसीशहर युथ सोसाइटी कार्यक्रम सञ्चालन बेनपा-८<br>५.३ जिल्ला प्रहरी कार्यालय, लमजुङ बोरिङ, बेनपा-९<br>५.४ वडा कार्यालय सञ्चालन खर्च (शोधभर्ना गरिएको)<br>५.५ वडा कार्यालय तथा सेफ्टी ट्याङ्की मर्मत, बेनपा-९<br>५.६ दलित बस्ती कुखुरा चल्ला वितरण, बेनपा-९<br>५.७ वीउ विजन वितरण, बेनपा-९<br>५.८ हुरहुरे देवी मन्दिर मर्मत, | ५० हजार<br>२५ हजार<br>४५ हजार<br>७० हजार<br>१ लाख<br>१ लाख<br>२७ हजार<br>५० हजार |

निर्णय नं.११ः प्राकृतिक श्रोत उपयोग सम्बन्धमा ।

(क)संकलन र बिक्रीको अनुमति सम्बन्धमा ।

बेसीशहर नगरपालिका क्षेत्रभित्र पर्ने तपसिलमा उल्लेखित स्थानको निजी जग्गामा भएको ढुंगा संकलन गरी विक्रीको अनुमतिको माग भइ आएकोले प्राविधिक प्रतिवेदनबाट प्राप्त तपसिलमा उल्लेखित परिमाण अनुसारको भ्याट सहितको कानून बमोजिम लाग्ने कर दस्तुर रकम यस कार्यालयमा जम्मा गरेपश्चात अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठक**

| क्र.सं | व्यक्ति वा संस्थाको विवरण | संकलन क्षेत्र | घनमिटर | घनफिट | प्रति घन फिट दर | हुन आउने रकम | मूल्य अभिबृद्धी कर (१३%) | अग्रीम आय कर (१.५%) | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री अजिता थापा | बेसीशहर ३, गाउँशहर | ५४.०० | १९०५.१२ | ९.०० | १७१४६.०८ | २२२८.९९ | २५७.१९ | १९६३२.२६ | निजी |

<u>(ख) निजी जग्गाको ढुंगा विक्री सम्बन्धमा ।</u>

(अ) बेसीशहर नगर कार्यपालिकाको मिति २०८१।०७।१० को निर्णयानुसार बेसीशहर नगरपालिका वडा नं २ निवासी श्री चेतबहादुर घितालको नामबाट ४८६९ घनफिटको ढुंगा विक्रीको लागि अनुमति प्रदान गर्ने निर्णय भएकोमा उक्त जग्गा सडक छेउमा पर्ने र हाल थप बढी ढुंगा संकलनको लागि अनुमति दिंदा सडक किनारालाई समेत असर पर्ने देखिएकोले प्राविधिकबाट प्राप्त हुन आएको प्रतिवेदनको आधारमा हाल उक्त स्थानमा रहेको ४८.५ घन मिटर (१७११.०८ घन फिट) परिमाण बराबरको लाग्ने राजश्व जम्मा गर्न लगाई विक्रीको अनुमति दिने निर्णय गरियो ।

(आ) बेसीशहर नगर कार्यपालिकाको मिति २०८१।१२।१० को निर्णयानुसार बेसीशहर नगरपालिका वडा नं ३ बसौलागाउँ निवासी श्री लक्ष्मीदेवी बसौलाको नामबाट १०९.२० घनमिटर (३८५२.५८ घनफिट) को ढुंगा विक्रीको लागि अनुमति प्रदान गर्ने निर्णय भएकोमा निजले उक्त जग्गामा सोही ढुंगा प्रयोग गरी कृषि तथा पशु फर्म निर्माण गर्न लागेको निवेदन पेश भएकोले ५५ घनमिटर (१९४०. ४ घनफिट) परिमाणको ढुंगाको मात्र लाग्ने राजश्व जम्मा गर्न लगाई विक्रीको अनुमति दिने निर्णय गरियो ।

<u>(ग) स्टक प्रमाणित सम्बन्धमा ।</u>

बेसीशहर नगरपालिकाबाट वडा नं ११ स्थित कडेनी खण्ड र चेपाङटारमुनीको खण्डमा गत आ.व. २०७७।७८, २०७८।७९ र २०७९।८० मा जम्मा ४ वटा ठेक्काहरुबाट श्री रत्नदेवी कन्स्ट्रक्सन एण्ड विल्डर्ससले जम्मा ३०,२४० घनमिटर नदीजन्य पदार्थ (वालुवा, गिटी) संकलनको लागि अनुमति प्राप्त गरेकोमा उक्त नदीजन्य पदार्थ (वालुवा तथा ग्राभेल) विक्री नभई यस वर्ष समेत स्टक रहन गएको भनि निवेदन पेश हुन आएकोमा यस कार्यालयबाट अमिन सहित सम्बन्धित वडाहरुका प्राविधिकहरुको टोली स्थलगत निरीक्षणमा जाँदा सो टोलीबाट हाल १८,५३२।३७ घनमिटर वरावरको नदीजन्य पदार्थ (वालुवा तथा ग्राभेल) को परिमाण रहेको प्रतिवेदन प्राप्त भएको हुँदा उक्त विक्री हुन नसकेको सामाग्री चालु आ.व. २०८१।८२ मा विक्री गर्न पाउने गरी स्टक प्रमाणित गरिदिने निर्णय गरियो ।

गुम्रान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठक

निर्णय नं.१२: अस्थायी बाटो सञ्चालनको अनुमति सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ११ र २ स्थित कडेनी र चेपाङटार मुनि प्रक्रिया वमोजिम आ.व. २०७७/७८, २०७८/७९ र २०७९/८० मा ठेक्का लागेको घाटमा मौज्दात रहेको नदिजन्य पदार्थ ढुवानीको लागि पहुँच मार्ग नभएकोले ढुवानी गर्न नसकिएको हुँदा ढुवानी कार्यमा सहजीकरणका लागि निवेदन प्राप्त भएको उपर यस बैठकमा छलफल हुँदा मर्स्याङ्दी नदिको वहावमा कुनै परिवर्तन र असर नहुने गरी नदिमा हिमपाइप राखी अस्थायी रुपमा पहुँच मार्ग तयार गरी हाल मौज्दात रहेको नदिजन्य पदार्थ ढुवानी गर्न श्री रत्न देवी कन्स्ट्रक्सन बेसीशहर नपा -८ (सञ्चालक श्री कमल गुरुङ) लाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१३: कृषि एम्बुलेन्समा जिपिए जडान सम्बन्धमा ।

बेसीशहर नगरपालिकाले खरिद गरी सहकारी संस्था मार्फत सञ्चालनमा ल्याएको कृषि एम्बुलेन्स कहाँ कता गएको छ भन्ने अवस्था जानकारी पाउनको लागि लागत प्रस्ताव वमोजिम उक्त कृषि एम्बुलेन्समा जिपिए जडान गर्ने निर्णय गरियो ।

निर्णय नं.१४: औद्योगिक ग्रामको जग्गा प्राप्ति सम्बन्धमा ।

नेपाल सरकारको एक पालिका एक औद्योगिक ग्राम नीति अनुरुप यस बेसीशहर नगरपालिकामा औद्योगिक ग्रामको लागि छनौट गरिएको बेसीशहर नगरपालिका वडा नं ९ र ५ स्थित सितलेस्वाँरा क्षेत्रको सार्वजनिक तथा वन क्षेत्रको जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.१५: पाइप खरिद सम्बन्धमा ।

मिति २०८१/१२/१० को नगर कार्यापालिका बैठकको निर्णय नं ११ वमोजिम विभिन्न जिन्सी सामाग्री खरिद अन्तर्गत विभिन्न साइजका पाइप खरिदको लागि खानपानी आयोजना मर्मत सुधार विस्तार कार्यक्रमबाट व्यहोर्ने गरी खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: सम्झौता अनुमोदन सम्बन्धमा ।

बेसीशहर नगरपालिका स्थित बजार क्षेत्रको फोहरमैला व्यवस्थापनको सम्बन्धमा छनौट भएको बोलपत्रदातासंग मिति २०८१/१२/२० मा २०८४/१२/२० सम्म ३ वर्ष कायम अवधी हुने गरी गरिएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१७: कृषि अधिकृतको स्थायी नियुक्ति सम्बन्धमा ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराको च.नं ७२२ मिति २०८१/१२/२० को उम्मेदवार सिफारिस गरी पठाइएको सम्बन्धी प्राप्त पत्रानुसार बाणगंगा नगरपालिका-१ कपिलबस्तु स्थायी ठेगाना भएका श्री ममता अधिकारी समावेशी महिलातर्फबाट कृषि सेवा समुह अन्तर्गत कृषि अधिकृत सातौं तहमा सिफारिस भई आउनु भएको र निजले स्थायी नियुक्तिको लागि निवेदन पेश गर्नु भएको हुँदा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ वमोजिम मिति

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१२/२८ को बैठक**

२०८१/१२/२७ मा प्रमुख प्रशासकीय अधिकृतबाट स्थायी नियुक्ति दिने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८: नयाँ वर्ष २०८२ को शुभकामना सम्बन्धमा ।**

नयाँ बर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरबासी तथा समस्त नेपालीहरुमा अमनचयन, आरोग्यता र समुन्नतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख